# बडीकेदार गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खड्यौली, डोटी
सुदुरपश्चिम प्रदेश, नेपाल

पत्र संख्याः०७५/०७६
च.नं.-

A IT, website मा राख्ने

### एम्बुलेन्स चालक करारमा लिने सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति : २०७५/०९/२७)

बडीकेदार गाउँपालिकाको लागी एम्बुलेन्स चालकको रुपमा देहायको संख्या र योग्यता भएको चालक करारमा राखु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राष्ट्रिय बाणिज्य बैङ्क, सिलगढी, डोटीमा रहेको यस कार्यालयको संचित कोष खाता नंम्बर ४१००३०४०१८१०८ मा रु ५००।- को राजस्व जम्मा गरेको बैङ्क भौचर सहित दरखास्त दिन हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम सहितको विस्तृत विवरण कार्यालयबाट वा वेबसाइट www.badikedarmun.gov.np खोलि "बडीकेदार गाउँपालिकामा प्राविधिक कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५" बाट डाउनलोड गरी उपलब्ध हुनेछ ।

| विज्ञापन नंम्वर | पद नाम | जम्मा माग पद सख्या |
|---|---|---|
| ०८/०७५/०७६ | एम्बुलेन्स चालक | १ |

<u>शैक्षिक योग्यता र अनुभव :</u>

१. नेपाली नागरिक ।

२. **न्यूनतम योग्यताः** नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रवेशिका परीक्षा वा सो सरह उत्तिर्ण गरी नेपाल सरकारबाट हलुका सवारी चालक को लाइसेन्स प्राप्त गरी राष्ट्रिय आकस्मिक उपचार समन्वय समितिले तोके बमोजिमको प्राथमिक उपचारको तालीम प्राप्त गरेको ।

३. **अनुभवः** सवारी चालकको रुपमा न्यूनतम ५ बर्षको अनुभव प्राप्त गरेको ।

४. २५ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।

५. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

<u>दरखास्तमा संलग्न गर्नुपर्नेः</u> उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा सवारी चालक अनुमती पत्रको प्रमाणित प्रतिलिपि, प्राथमिक उपचारको तालीम प्राप्त गरेको प्रमाण पत्र संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

<u>परीक्षाको किसिमः</u>

१. अन्तरवार्ता मात्र
२. अन्तरवार्ताको अंकभारः २०

2075/9/26
दिपक पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत